# लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# चौंलाखर्क, सोलुखुम्बु
# कोशी प्रदेश, नेपाल

प.सं.: २०८१/८२
च.नं.:

मितिः २०८२ असार ३ गते

प्रस्तुत विषयमा यस लिखु पिके गाउँपालिकाको मिति २०८२ असार २ गते बसेको उन्नाइसौं गाउँ कार्यपालिकाको बैठकले निर्णय गरेका केही महत्वपुर्ण निर्णयहरु तपशिल बमोजिम छन्

**तपशिल**

१. यस लिखु पिके गाउँपालिका वडा नं. १ र २ साविकको गोली गा.वि.स. मा संचालन भएको हिमस्टार ऊर्जा प्रा.लि.ले प्रभावित क्षेत्रका स्थानीयहरुलाई स्थानीय शेयर (IPO) निष्काशनको सूचना प्रकाशन गरेको, उक्त हिम स्टार ऊर्जा प्रा.लि. को PPA र EIA प्रतिवेदनमा साविकको गोली गा.वि.स. हालको २ नं वडा को स्थानीयका लागि मात्र शेयर भर्नका लागि उक्त हाइड्रोपावार निर्माण कम्पनीले सूचना प्रकाशन गरेको, साविकको गोली गा.वि.स. हालको वडा नं. १ समेत छुट्न गएको हुँदा उक्त गोली गा.वि.स. वडा नं. १ र २ लगायत पुरै लिखु पिके गाउँपालिका नै प्रभावित क्षेत्र भएकाले सोही अनुसार यस लिखु पिके गाउँपालिका भित्रका सबै नागरिकले भर्न मिल्ने गरि स्थानीय शेयर (IPO) वितरण गर्नका लागि नेपाल धितो पत्र बोर्डमा अनुरोध गर्ने निर्णय गरियो।

२. गाउँपालिकाको ५ वटै वडा भित्र रहेका फलफुल उत्पादन गर्ने किसानहरु लाई उत्कृष्ट किसान पुरस्कृत कार्यक्रम संचालन गर्नका लागि ५ जना कृषकहरुको सूची कृषि शाखाबाट छनौट गरि यस गाउँपालिका कार्यालयमा पेश गर्ने र सोही बमोजिम आएको सूची अनुसार पुरस्कृत गर्ने निर्णय गरियो।

मणिराज बस्नेत
प्रवक्ता